# चलचित्र सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक

**<u>प्रस्तावना</u>**ः- चलचित्र क्षेत्रलाई सिर्जनशील, साँस्कृतिक एवं मनोरञ्जनात्मक उद्योगको रूपमा विकास गरी स्वदेशी चलचित्रको विकास, संरक्षण, संवर्द्धन तथा प्रवर्द्धन गरी चलचित्रको निर्माण, वितरण, प्रदर्शन तथा चलचित्र क्षेत्रलाई नियमन र व्यवस्थित गर्न वाञ्छनीय भएकोले,

सङ्घीय संसदले यो ऐन बनाएको छ ।

## परिच्छेद–१

## <u>प्रारम्भिक</u>

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u>ः** (१) यस ऐनको नाम "चलचित्र (निर्माण, वितरण तथा प्रदर्शन) ऐन, २०८०" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **<u>परिभाषाः</u>** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अध्यक्ष" भन्नाले ऐनको दफा १० बमोजिम गठन भएको बोर्डको अध्यक्ष सम्झनुपर्छ।

(ख) "चलचित्र" भन्नाले जुनसुकै प्रविधिमा बनेको सार्वजनिक प्रदर्शन गर्ने उद्देश्यले निर्माण भएको सिर्जनात्मक र व्यवसायिक चलायमान चित्र सम्झनुपर्छ।

(ग) "चलचित्रकर्मी" भन्नाले चलचित्र क्षेत्रमा कलात्मक, सिर्जनात्मक, बौद्धिक, सीपमूलक, शारीरिक श्रम गर्ने व्यक्ति र चलचित्र व्यवसायी सम्झनुपर्छ।

(घ) "चलचित्र व्यवसायी" भन्नाले चलचित्रको निर्माण, वितरण वा प्रदर्शनको व्यवसाय गर्ने व्यक्ति सम्झनुपर्छ।

(ङ) "व्यक्ति" भन्नाले प्रचलित कानून बमोजिम स्थापित सङ्गठित संस्थालाई समेत सम्झनुपर्छ।

(च) "चलचित्रघर" भन्नाले चलचित्र प्रदर्शन गर्ने मूलघर वा चलचित्र सार्वजनिक प्रदर्शनका लागि अन्य स्थानमा निर्मित प्रदर्शनस्थल समेतलाई जनाउँछ ।

(छ) "जाँच समिति" भन्नाले दफा २३ र २६ बमोजिम गठन भएको चलचित्र जाँच समितिलाई सम्झनुपर्छ।

(ज) "पेशागत संघ संस्था" भन्नाले चलचित्र निर्माण, वितरण तथा प्रदर्शनसँग सम्बन्धित विधागत पेशाकर्मीहरुको संघ संस्था सम्झनुपर्छ।

(झ) "बोर्ड" भन्नाले दफा ९ बमोजिम स्थापना भएको चलचित्र विकास बोर्ड सम्झनुपर्छ।

(ञ) "मन्त्रालय" भन्नाले नेपाल सरकार, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय सम्झनुपर्छ ।

(ट) "सदस्य" भन्नाले बोर्डको सदस्यलाई सम्झनुपर्छ र सो शब्दले अध्यक्ष र सदस्य-सचिवलाई समेत जनाउँछ।

(ठ) "चलचित्र जन्य वस्तु" भन्नाले चलचित्रको गीत, संगीत, पोष्टर, मोशन पोष्टर, टिजर, ट्रेलर, चलचित्र वा चलचित्रको कुनै अंशलाई जनाउँछ।

(ड) "लघु चलचित्र" भन्नाले सबै क्रेडिटहरू सहित चालीस मिनेट वा सोभन्दा कम समय भएको मूल चलचित्रलाई सम्झनुपर्छ।

(ढ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेका नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ।

## परिच्छेद–२

## चलचित्र निर्माण, वितरण तथा प्रदर्शन इजाजत सम्बन्धी व्यवस्था

३. **चलचित्र निर्माण, वितरण तथा प्रदर्शन गर्न इजाजतपत्र लिनुपर्नेः** (१) चलचित्र निर्माण, वितरण वा प्रदर्शन गर्नु पूर्व बोर्डबाट इजाजतपत्र लिनुपर्नेछ।

(२) कसैले पनि इजाजतपत्र नलिई चलचित्र निर्माण, वितरण वा प्रदर्शन गर्नु, गराउनु हुँदैन।

(३) उपदफा (१) बमोजिमको इजाजतपत्रको लागि दिनुपर्ने दरखास्तको ढाँचा, इजाजतपत्रको ढाँचा, इजाजतपत्र प्राप्त व्यक्ति वा संस्थाले पालना गर्नुपर्ने शर्त, इजाजतपत्रको अवधि, इजाजतपत्रको नवीकरण, तिर्नुपर्ने दस्तुर जस्ता व्यवस्था तोकिए बमोजिम हुनेछ।

(४) चलचित्र निर्माण, वितरण, प्रदर्शन तथा विदेशी चलचित्र आयात सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

४. **विदेशी चलचित्रको छायाङ्कन गर्न स्वीकृति लिनुपर्नेः** (१) कुनै विदेशी व्यक्ति वा संस्थाले नेपालमा विदेशी चलचित्रको छायाङ्कन गर्न चाहेमा त्यस्तो छायाङ्कनको लागि मन्त्रालयबाट स्वीकृति लिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको स्वीकृति लिन चाहने विदेशी व्यक्ति वा संस्थाले छायाङ्कनको स्वीकृतिको लागि मन्त्रालय समक्ष निवेदन दिनु पर्नेछ।

(३) छायाङ्कन गरिने चलचित्रको प्रकृति हेरी छायाङ्कन अनुमतिको लागि मन्त्रालयले बोर्डका प्रतिनिधि समेत रहने गरी तोकिए बमोजिम सिफारिस समिति गठन गर्न सक्नेछ।

(४) उपदफा (२) बमोजिम विदेशी व्यक्ति वा संस्थाले प्रचलित कानून बमोजिम नेपालमा चलचित्र निर्माणका उद्देश्यले दर्ता भएका संस्था वा कम्पनी मार्फत् निवेदन दर्ता गर्नु पर्नेछ।

(५) उपदफा (१) बमोजिम स्वीकृति लिएको विदेशी चलचित्रको छायाङ्कनमा तोकिए बमोजिम नेपाली प्राविधिक सहितको अन्य जनशक्ति संलग्न गराउनुपर्नेछ।

(६) उपदफा (२) बमोजिमको स्वीकृतिको लागि दिनुपर्ने निवेदनको ढाँचा, पालना गर्नुपर्ने शर्त, तिर्नुपर्ने दस्तुर लगायत अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

५. **सम्पर्क अधिकृत सम्बन्धी व्यवस्थाः** (१) नेपालमा विदेशी चलचित्रको छायाङ्कनका लागि मन्त्रालयले आवश्यकतानुसार मन्त्रालयका कर्मचारी, बोर्डका कर्मचारी वा सम्बन्धित क्षेत्रका अन्य निजामती कर्मचारीलाई सम्पर्क अधिकृतको रूपमा खटाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम खटिएका सम्पर्क अधिकृतको काम, कर्तव्य, अधिकार तथा सेवा सुविधा तोकिए बमोजिम हुनेछ।

६. **चलचित्र तथा चलचित्रजन्य वस्तुको ओभर-दि-टप (ओ.टि.टि.) तथा सामाजिक सञ्जाल प्लेटफर्म मार्फत व्यवसाय गर्न इजाजत लिनुपर्ने:** (१) बोर्डबाट ईजाजत नलिई कसैले पनि चलचित्र तथा चलचित्रजन्य वस्तुको ओभर-दि-टप (ओ.टि.टि.) तथा सामाजिक सञ्जाल प्लेटफर्म मार्फत् व्यवसाय गर्नु गराउनु हुँदैन।

(२) उपदफा (१) बमोजिम इजाजत लिन चाहने व्यक्ति वा संस्थाले तोकिए बमोजिमको ढाँचामा बोर्ड समक्ष निवेदन दिनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम ईजाजत लिई व्यवसाय सञ्चालन गर्दा लाग्ने इजाजत दस्तुर, रोयल्टी शुल्क तथा अन्य दस्तुर सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

७. **डिजिटल हब सम्बन्धी व्यवस्था:** (१) बोर्डले चलचित्र तथा चलचित्रजन्य वस्तुको प्रचार प्रसार गर्न डिजिटल हबको व्यवस्था गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम डिजिटल हब सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

८. **इजाजतपत्रको बिक्री वा हस्तान्तरण:** (१) इजाजतपत्र प्राप्त व्यक्तिले आफ्नो इजाजतपत्र कसैलाई बिक्री गरी वा अन्य कुनै प्रकारले हक हस्तान्तरण गरी दिन चाहेमा त्यसको कारण सहित निजले र अनुमतिपत्र खरिद गर्न वा हक हस्तान्तरण गरी लिन चाहने व्यक्तिले आपसमा निर्धारित शर्त बन्देज समेत उल्लेख गरी स्वीकृतिको लागि बोर्ड समक्ष संयुक्त निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम कुनै निवेदन प्राप्त हुन आएमा बोर्डले आवश्यक छानबिन गरी त्यस्तो इजाजतपत्र खरिद गरी वा हक हस्तान्तरण गरी लिने व्यक्ति तोकिए बमोजिमको योग्यता पूरा भएको देखेमा बोर्डले स्वीकृति दिन सक्नेछ र त्यस्तो स्वीकृति दिन उचित नहुने देखेमा कारण सहितको जानकारी निवेदकलाई दिनु पर्नेछ।

(३) इजाजतपत्रको बिक्री वा हक हस्तान्तरण गर्ने स्वीकृतिको लागि तोकिए बमोजिमको दस्तुर बोर्डमा बुझाउनु पर्नेछ।

(४) यस ऐन वा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि इजाजतपत्र प्राप्त व्यक्तिको एकाउन्न प्रतिशत वा सो भन्दा बढी स्वामित्व हस्तान्तरण भएमा यस दफाको प्रयोजनको लागि अनुमतिपत्र बिक्री भएको मानिनेछ।

## परिच्छेद-३

## बोर्डको गठन सम्बन्धी व्यवस्था

९. **बोर्डको स्थापना:** (१) चलचित्र क्षेत्रको विकास, विस्तार, प्रवर्द्धन, संरक्षण, व्यवस्थापन र नियमन गर्नको लागि चलचित्र विकास बोर्डको स्थापना गरिनेछ।

(२) बोर्डको कार्यालय काठमाडौं उपत्यकामा रहनेछ।

१०.   **<u>बोर्ड सञ्चालक समितिको गठनः</u>** (१) दफा ९ बमोजिम स्थापना भएको बोर्डमा देहाय बमोजिमको अध्यक्ष र सदस्य रहने छन्ः—

(क) नेपाल सरकारले नियुक्ति गरेको नेपाली नागरिक - अध्यक्ष

(ख) चलचित्र क्षेत्रमा आवद्ध नेपाली नागरिकहरु मध्येबाट समावेशी सिद्धान्तको आधारमा कम्तीमा एकजना महिला सहित मन्त्रालयले मनोनयन गरेको तीनजना - सदस्य

(ग) प्रतिनिधि, अर्थ मन्त्रालय (रा.प.द्वितीय श्रेणी) - सदस्य

(घ) प्रतिनिधि, मन्त्रालय (रा.प.द्वितीय श्रेणी) - सदस्य

(ङ) मन्त्रालयले तोकेको रा. प. द्वितीय श्रेणीको अधिकृत - सदस्य-सचिव

(२) उपदफा (१) खण्ड (क) र (ख) बमोजिम नियुक्त अध्यक्ष तथा सदस्यहरूको पदावधि चारवर्षको हुनेछ।

(३) अध्यक्ष बोर्डको पूर्ण समय काम गर्ने प्रमुख पदाधिकारी हुनेछ।

११.   **<u>अध्यक्ष तथा सदस्यको योग्यताः</u>** (१) अध्यक्षको नियुक्तिको लागि देहाय बमोजिमको योग्यता हुनुपर्नेछः

(क) नेपाली नागरिक,

(ख) कुनै विषयमा कम्तीमा स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण गरी नेपाली चलचित्र उद्योगको स्थापना, विकास, संरक्षण, सम्बर्द्धन तथा प्रवर्द्धनमा निरन्तररूपमा कम्तीमा दश वर्ष कार्य गरेको वा स्नातक तह वा सो सरह उत्तीर्ण गरी नेपाली चलचित्र उद्योगको स्थापना, विकास, संरक्षण, सम्बर्द्धन तथा प्रवर्द्धनमा निरन्तररूपमा कम्तीमा पन्ध्र वर्ष कार्य गरेको वा प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरी नेपाली चलचित्र उद्योगको स्थापना, विकास, संरक्षण, सम्बर्द्धन तथा प्रवर्द्धनमा निरन्तररूपमा कम्तीमा २० वर्ष कार्य गरेको

(घ) कम्तिमा पैंतीस वर्ष उमेर पुरा भएको,

(ङ) दफा १२ बमोजिम अयोग्य नभएको।

(२) दफा १० को उपदफा (१) को खण्ड (ख) बमोजिमको सदस्य नियुक्तिको लागि देहाय बमोजिमको योग्यता हुनुपर्नेछः

(क) नेपाली नागरिक,

(ख) कम्तीमा स्नातक तह वा सो सरह उतिर्ण गरी कम्तीमा १० वर्षको सम्बन्धित क्षेत्रको अनुभव भएको वा प्रवीणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरी नेपाली चलचित्र उद्योगको स्थापना, विकास, संरक्षण, सम्बर्द्धन तथा प्रवर्द्धनमा निरन्तररूपमा कम्तीमा १५ वर्ष कार्य गरेको वा एस.एल.सी. वा सो सरह उत्तीर्ण गरी नेपाली चलचित्र उद्योगको स्थापना, विकास, संरक्षण, सम्बर्द्धन तथा प्रवर्द्धनमा निरन्तररूपमा कम्तीमा २० वर्ष कार्य गरेको

(ग) कम्तीमा तीस वर्ष उमेर पूरा भएको,

(घ) दफा १२ बमोजिम अयोग्य नभएको।

१२. **अध्यक्ष तथा सदस्यको अयोग्यताः** देहायको कुनै नेपाली नागरिक अध्यक्ष तथा सदस्यमा नियुक्तिको लागि योग्य हुनेछैनः

(क) कुनै विदेशी राष्ट्रको स्थायी आवासीय अनुमतिपत्र वा नागरिकता लिएको,

(ख) दफा ११ बमोजिमको योग्यता नभएको वा नरहेको,

(ग) दामासाहीमा परेको,

(घ) भ्रष्टाचार, जवरजस्ती करणी, मानव बेचविखन तथा ओसार पसार, लागूऔषध बिक्री वितरण वा ओसार पसार, सम्पत्ति शुद्धिकरण, राहदानी दुरूपयोग, अपहरण, लैङ्गिक हिंसा वा नैतिक पतन देखिने अन्य फौजदारी कसूरमा अदालतबाट सजाय पाएको,

(ङ) शारीरिक तथा मानसिक अवस्थाका कारण कामकारबाही गर्न नसक्ने भएको,

(च) प्रचलित कानून बमोजिम सार्वजनिक पदमा नियुक्तिको लागि अयोग्य भएको।

१३. **अध्यक्ष तथा सदस्यलाई पदबाट हटाउन सकिनेः** (१) नेपाल सरकारले बोर्डको अध्यक्षलाई र मन्त्रालयले बोर्डका मनोनित सदस्यलाई देहायको अवस्थामा पदबाट हटाउन सक्नेछः-

(क) कार्यसम्पादन सम्झौता बमोजिमको लक्ष्य हाँसिल नगरेमा,

(ख) निजको काम सन्तोषजनक नभएमा वा बोर्डको हित विपरित हुने कुनै काम गरेमा वा खराब आचरण गरेमा।

(ग) शारीरिक वा मानसिक अवस्थाका कारण कामकारबाही गर्न असमर्थ भएमा,

(घ) पदीय हैसियत दुरूपयोग गरी लाभ हाँसिल गरेमा।

(ङ) लैंङ्गिक हिंसामा कसूरदार प्रमाणित भएमा,

(च) दफा ११ बमोजिमको योग्यता नभएमा।

(२) उपदफा (१) बमोजिम अध्यक्ष तथा सदस्यलाई पदबाट हटाउनु अघि निजलाई आफ्नो सफाई पेश गर्ने मनासिब माफिकको मौका दिइनेछ।

१४. **अध्यक्ष तथा सदस्यको पद रिक्त हुनेः** (१) देहायको अवस्थामा अध्यक्ष तथा मनोनित सदस्यको पद रिक्त भएको मानिनेछः-

(क) अध्यक्षले मन्त्रालय मार्फत् नेपाल सरकार समक्ष र सदस्यले मन्त्रालय समक्ष राजीनामा दिएमा,

(ख) दफा १० को उपदफा (२) बमोजिम निजको पदावधि पूरा भएमा,

(ग) दफा १३ बमोजिम निजलाई पदबाट हटाइएमा,

(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहरेमा,

(ङ) भ्रष्टाचारको कसूरमा अदालतबाट दोषी प्रमाणित भएमा,

(च) निजको मृत्यु भएमा।

(२) अध्यक्षको पद कुनै कारणले रिक्त भएमा बोर्डको कुनै सदस्य वा मन्त्रालयको कम्तीमा रा.प. प्रथम श्रेणीको अधिकृतलाई मन्त्रालयले अध्यक्ष तोक्न सक्नेछ।

१५. **अध्यक्ष तथा सदस्यको सेवा, शर्त तथा सुविधा सम्बन्धी व्यवस्थाः** (१) अध्यक्षको पारिश्रमिक, सुविधा र सेवाका अन्य शर्त नेपाल सरकारले तोके बमोजिम हुनेछ।

(२) सदस्यको सेवा, सुविधा मन्त्रालयले तोके बमोजिम हुनेछ।

१६. **बैठक भत्ता तथा अन्य सुविधाः** बोर्डका अध्यक्ष, सदस्यहरुले बोर्डको बैठकमा भाग लिए बापत तोकिए बमोजिमको बैठक भत्ता तथा अन्य सुविधा पाउनेछन्।

१७. **कर्मचारी सम्बन्धी व्यवस्थाः** (१) बोर्डको कार्य सञ्चालन गर्नको लागि बोर्डमा आवश्यक संख्यामा कर्मचारी रहनेछन्।

(२) उपदफा (१) बमोजिमका कर्मचारीहरू मन्त्रालयबाट स्वीकृत संगठन तथा व्यवस्थापन सर्वेक्षण बमोजिम हुनेछन्।

(३) उपदफा (१) बमोजिमका कर्मचारीहरूको नियुक्ति, पारिश्रमिक, सुविधा तथा सेवाका शर्तहरू तोकिए बमोजिम हुनेछन्।

## परिच्छेद-४

## बोर्ड, अध्यक्ष, सदस्य एवं सदस्य–सचिवको काम, कर्तव्य र अधिकार

१८. **बोर्डको काम, कर्तव्य र अधिकारः** (१) यस ऐनमा लेखिएका अतिरिक्त बोर्डको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) चलचित्रको विकास तथा प्रवर्द्धन गर्नको लागि आवश्यक नीति तर्जुमा गरी लागू गर्ने,

(ख) चलचित्रको विकास तथा प्रवर्द्धन गर्नका लागि दीर्घकालीन योजना तथा कार्यक्रम तयार गरी स्वीकृत गर्ने,

(ग) कलात्मक, ऐतिहासिक, लगायतका मौलिक पहिचान भएका स्तरीय चलचित्र निर्माण गर्न निजी क्षेत्रलाई प्रोत्साहन एवं सहयोग गर्ने,

(घ) नेपालको धार्मिक, साँस्कृतिक, ऐतिहासिक र सामाजिक मूल्य मान्यतालाई प्रवर्द्धन गर्नेगरी नेपाललाई विश्वमा परिचित गराउने किसिमका चलचित्रको निर्माण गर्न स्वदेशी तथा विदेशी चलचित्र निर्मातालाई प्रोत्साहन तथा सहयोग गर्ने,

(ङ) चलचित्र क्षेत्रमा उल्लेखनीय योगदान गर्ने व्यक्ति वा संस्थालाई पुरस्कृत एवं सम्मान गर्ने,

(च) नेपाली कला तथा सँस्कृतिको सम्वर्द्धनमा समर्पित चलचित्रकर्मीहरूको हकहितको संरक्षण गर्ने,

(छ) बोर्डको वार्षिक कार्यक्रम सञ्चालन गर्न आवश्यक कार्यक्रम तथा बजेट स्वीकृत गर्ने,

(ज) चलचित्र र चलचित्र व्यवसायमा गुणस्तर बृद्धिको लागि चलचित्रकर्मी तथा चलचित्र व्यवसायीले पालना गर्नुपर्ने आचारसंहिता बनाई लागू गर्ने, गराउने,

(झ) चलचित्र नगरी तथा आधुनिक सुविधा सम्पन्न स्टुडियो निर्माण गर्ने गराउने,

(ञ) चलचित्र क्षेत्रसँग सम्बन्धित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सभा, सम्मेलन, अन्तर्क्रिया, कार्यशाला, गोष्ठी तथा महोत्सव लगायत अन्य रचनात्मक तथा प्रवर्द्धनात्मक क्रियाकलापहरू सञ्चालन गर्ने,

(ट) चलचित्रको राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा गैरव्यावसायिक प्रदर्शनलाई प्रोत्साहित गर्ने, गराउने,

(ठ) नेपाल सरकारको स्वीकृति लिई अन्तर्राष्ट्रिय सङ्घ, संस्थाहरूको सदस्यता लिने र बोर्डको उद्देश्य प्राप्तिका लागि अन्तर्राष्ट्रिय सङ्घ, संस्थाहरूसँग सहकार्य गर्ने,

(ड) चलचित्रकर्मीहरूको लागि परिचयपत्रको व्यवस्था गरी चलचित्रकर्मीलाई तोकिए बमोजिमको सेवा सुविधा प्रदान गर्ने, गराउने,

(ढ) चलचित्र वितरण तथा प्रदर्शनमा वक्स अफिस प्रणालीलाई समयानुकूल बनाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने, गराउने,

(ण) राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा आदिवासी जनजाति मातृभाषी तथा अन्य स्थानीय चलचित्रको विकास, संरक्षण र प्रवर्द्धन गर्ने, गराउने,

(त) चलचित्र पर्यटन सम्बन्धी अवधारणालाई मूर्तरूप दिन चलचित्र मार्फत् नेपालको पर्यटकीय सम्भावनालाई राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा प्रचार प्रसार गर्ने व्यवस्था मिलाउने,

(थ) स्तरीय चलचित्रको निर्माणमा आवश्यक पर्ने लेखक, निर्देशक, प्राविधिक, कलाकार लगायतका दक्ष जनशक्तिको उत्पादनलाई प्रोत्साहन दिने,

(द) चलचित्र क्षेत्रको विकास, विस्तार, प्रवर्द्धन, संरक्षण तथा व्यवस्थापन सम्बन्धमा उपयुक्त अन्य काम गर्ने, गराउने।

१९. **<u>अध्यक्षको काम, कर्तव्य र अधिकार</u>**: (१) अध्यक्ष बोर्डको पूर्ण समय काम गर्ने प्रमुख पदाधिकारी हुनेछ।

(२) यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) बोर्डको दीर्घकालीन तथा अल्पकालीन योजना, वार्षिक योजना तथा कार्यक्रम तयार गरी स्वीकृतिको लागि बोर्ड समक्ष पेश गर्ने, स्वीकृत वार्षिक कार्यक्रम कार्यान्वयन गर्ने, गराउने,

(ख) बोर्डको निर्णयहरू कार्यान्वयन गर्ने, गराउने,

(ग) बोर्डको दैनिक प्रशासनिक, आर्थिक, वित्तीय, र कर्मचारी व्यवस्थापन सम्बन्धी कार्य गर्ने, गराउने,

(घ) नेपाल सरकार वा मन्त्रालयबाट दिएका निर्देशन पालना गर्ने, गराउने,

(ङ) बोर्डको कोषको रेखदेख तथा नियन्त्रण गर्ने,

(च) बोर्डको सम्पत्ति संरक्षण गर्ने,

(च) चलचित्र व्यवसायी, चलचित्रकर्मी वा चलचित्रसँग सम्बन्धित विभिन्न संस्था वा निकायहरू बीच समन्वय कायम गर्ने,

(छ) चलचित्र क्षेत्रको विकास, संरक्षण, सम्वर्द्धन तथा प्रवर्द्धन सम्बन्धी कार्यहरू गर्ने, गराउने,

(ज) चलचित्र उद्योग र बोर्ड प्रति पूर्ण उत्तरदायी भई कार्य गर्ने, गराउने,

(झ) बोर्डले तोके बमोजिमका अन्य काम गर्ने, गराउने।

(३) उपदफा (२) मा उल्लेखित काम तथा कर्तव्यका सम्बन्धमा मन्त्रालयले अध्यक्षसँग कार्यसम्पादन सम्झौता गर्न सक्नेछ।

२०. **<u>सदस्यको काम, कर्तव्य र अधिकार</u>**ः (१) सदस्यको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) बोर्डको दीर्घकालीन तथा अल्पकालीन योजना, वार्षिक योजना तथा कार्यक्रम तयार गर्ने कार्यमा बोर्डलाई सहयोग पुर्याउने,

(ख) बोर्डले दिएको जिम्मेबारी पूरा गरी बोर्डमा प्रतिवेदन पेश गर्ने,

(ग) नेपाल सरकार वा मन्त्रालय वा बोर्डले दिएका निर्देशन पालना गर्ने, गराउने,

(घ) चलचित्र व्यवसायी, चलचित्रकर्मी वा चलचित्रसँग सम्बन्धित विभिन्न संस्था वा निकायहरू बीच समन्वय कायम गर्न सहयोग गर्ने,

(ङ) चलचित्र उद्योग र बोर्डप्रति पूर्ण उत्तरदायी भई कार्य गर्ने, गराउने,

(च) बोर्डले तोके बमोजिमका अन्य काम गर्ने, गराउने।

२१. **<u>सदस्य-सचिवको काम, कर्तव्य र अधिकार</u>**ः (१) सदस्य-सचिवको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) बोर्डको दीर्घकालीन तथा अल्पकालीन योजना, वार्षिक योजना तथा कार्यक्रम तयार गर्ने कार्यमा बोर्डलाई सहयोग पुर्याउने,

(ख) अध्यक्षको स्वीकृति लिई बोर्डको बैठक बोलाउने र बोर्डको बैठक बस्ने सूचना सहित बोर्डमा छलफल हुने विषय समेतको सूची तयार गरी सदस्यलाई जानकारी गराउने,

(ग) अध्यक्षको अनुपस्थितिमा निमित्त भई कार्यसम्पादन गर्ने,

(घ) बोर्डको निर्णयहरू कार्यान्वयन गर्ने, गराउने,

(ङ) बोर्डको आर्थिक, वित्तीय, प्रशासनिक र कर्मचारी व्यवस्थापन सम्बन्धी कार्य गर्ने, गराउने,

(च) बोर्ड वा अध्यक्षले दिएको निर्देशन पालना गर्न, गराउने,

(छ) बोर्डको कोषको रेखदेख तथा नियन्त्रण गर्ने,

(ज) मन्त्रालय र बोर्डबीच समन्वय स्थापित गर्ने,

(झ) चलचित्र व्यवसायी, चलचित्रकर्मी वा चलचित्र क्षेत्रसँग सम्बन्धित विभिन्न संस्था वा निकायहरूबीच समन्वय गर्ने,

(ञ) चलचित्र उद्योग र बोर्डप्रति पूर्ण उत्तरदायी भई कार्य गर्ने, गराउने,

(ट) बोर्डले तोके बमोजिमका अन्य काम गर्ने, गराउने।

# परिच्छेद-५

## चलचित्र जाँच तथा चलचित्र जाँच समिति सम्बन्धी व्यवस्था

२२. **चलचित्र जाँच गराउनुपर्ने:** (१) चलचित्र निर्माण वा वितरण इजाजतपत्र प्राप्त कुनै व्यक्तिले स्वदेशी वा विदेशी चलचित्रको प्रदर्शन गर्नु अगावै चलचित्र जाँच समितिबाट चलचित्रको जाँच नगरी चलिचत्रको सार्वजनिक प्रदर्शन गर्नु गराउनु हुँदैन।

(२) उपदफा (१) बमोजिम चलचित्र जाँच गराउनको लागि चलचित्र जाँच समिति समक्ष तोकिए बमोजिमका कागजात सहित दरखास्त दिनु पर्नेछ।

(३) प्रदर्शकले चलचित्र जाँच समितिबाट अनुमति पाएका चलचित्र मात्र प्रदर्शन गर्नु पर्नेछ।

२३. **केन्द्रीय चलचित्र जाँच समितिको गठनः** (१) कुनै स्वदेशी तथा विदेशी चलचित्र जाँच गर्नको लागि केन्द्रीयस्तरमा देहाय बमोजिमको एक केन्द्रीय चलचित्र जाँच समिति रहनेछः-

| | | |
|---|---|---|
| (क) | मन्त्रालयले तोकेको सो मन्त्रालयको सहसचिव | -अध्यक्ष |
| (ख) | प्रतिनिधि, गृह मन्त्रालय | -सदस्य |
| (ग) | प्रतिनिधि, सँस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | -सदस्य |
| (घ) | चलचित्र सम्बन्धी विषयमा विशेष ज्ञान भएका व्यक्तिहरू मध्येबाट समावेशी प्रतिनिधित्व हुनेगरी मन्त्रालयले मनोनयन गरेको एकजना महिलासहित तीनजना | -सदस्य |
| (ङ) | प्रतिनिधि, बोर्डले तोकेको बोर्ड सदस्य वा अधिकृत कर्मचारी | -सदस्य |
| (च) | प्रतिनिधि, मन्त्रालय (कम्तीमा रा.प. द्वितीय श्रेणी) | -सदस्य-सचिव |

(२) उपदफा (१) बमोजिम गठित चलचित्र जाँच समितिको सचिवालय मन्त्रालयमा रहनेछ।

(३) उपदफा (१) को खण्ड (घ) बमोजिम मनोनित सदस्यको पदावधि दुई वर्षको हुनेछ।

(४) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि विज्ञापन चलचित्र वा लघु चलचित्रको जाँच चलचित्र जाँच समितिको अध्यक्ष वा निजले तोकेको चलचित्र जाँच समितिको कुनै सदस्यबाट हुनेछ।

(५) केन्द्रीय चलचित्र जाँच समितिले यस ऐन बमोजिम आफूलाई प्राप्त भएको अधिकारमध्ये टेलिभिजन प्रसारण संस्थाबाट प्रसारण हुने टेलिचलचित्र वा साङ्गीतिक चलचित्र (म्यूजिक भिडियो)को जाँच गर्ने अधिकार त्यस्तो टेलिभिजन प्रसारण संस्थाले र गैरव्यापारिक उद्देश्यले आयोजना हुने चलचित्र महोत्सवमा प्रदर्शन गर्ने चलचित्रको जाँच गर्ने अधिकार त्यस्तो महोत्सव आयोजना गर्ने संस्थाले प्रयोग गर्न पाउने गरी प्रत्यायोजन गर्न सक्नेछ।

(६) उपदफा (४) बमोजिम सम्बन्धित टेलिभिजन प्रसारण संस्थाबाट जाँच भएको टेलिचलचित्रको विवरण त्यस्तो प्रसारण संस्थाले चलचित्र जाँच समितिमा पठाउनु पर्नेछ।

(७) उपदफा (५) बमोजिम जाँच भएको टेलिचलचित्र वा साङ्गीतिक चलचित्र (म्यूजिक भिडियो) को सम्बन्धमा चित्त नबुझ्ने पक्षले चलचित्र जाँच समितिमा पुनरावेदन गर्न सक्नेछ।

(८) चलचित्र जाँच समितिले चलचित्रको जाँच गर्दा आवश्यकतानुसार सम्बन्धित समूदाय वा भाषा विज्ञलाई आमन्त्रण गर्न सक्नेछ।

(९) नेपाल सरकारले चलचित्र जाँच समितिलाई समय-समयमा आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सो समितिको कर्तव्य हुनेछ।

(१०) चलचित्र जाँच समितिका अध्यक्ष, सदस्य तथा समितिमा आमन्त्रित सदस्यले चलचित्र जाँच गरेबापत तोकिए बमोजिमको सुविधा तथा भत्ता पाउनेछन्।

(११) उपदफा (१) बमोजिम गठित चलचित्र जाँच समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

(१२) चलचित्र जाँच गराउनका लागि दिइने दरखास्तको ढाँचा र दस्तुर तोकिए बमोजिम हुनेछ।

२४. **<u>केन्द्रीय चलचित्र जाँच समितिका सदस्यको योग्यताः</u>** (१) केन्द्रीय चलचित्र जाँच समितिका मनोनित सदस्यको लागि देहाय बमोजिमको योग्यता हुनुपर्नेछः

(क) नेपाली नागरिक,

(ख) कम्तीमा स्नातक तह उतिर्ण गरी कम्तीमा १० वर्षको सम्बन्धित क्षेत्रको अनुभव भएको वा प्रवीणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरी नेपाली चलचित्र उद्योगको स्थापना, विकास, संरक्षण, सम्बर्द्धन तथा प्रवर्द्धनमा निरन्तररूपमा कम्तीमा १५ वर्ष कार्य गरेको वा एस.एल.सी. वा सो सरह उत्तीर्ण गरी नेपाली चलचित्र उद्योगको स्थापना, विकास, संरक्षण, सम्बर्द्धन तथा प्रवर्द्धनमा निरन्तररूपमा कम्तीमा २० वर्ष कार्य गरेको

(ग) कम्तीमा तीस वर्ष उमेर पूरा भएको,

(घ) दफा २५ बमोजिम अयोग्य नभएको।

२५. **<u>केन्द्रीय चलचित्र जाँच समितिका सदस्यको अयोग्यताः</u>** देहायको कुनै नेपाली नागरिक केन्द्रीय चलचित्र जाँच समितिको सदस्यमा मनोनितको लागि योग्य हुनेछैनः

(क) कुनै विदेशी राष्ट्रको स्थायी आवासीय अनुमतिपत्र वा नागरिकता लिएको,

(ख) दफा २४ बमोजिमको योग्यता नभएको वा नरहेको,

(ग) दामासाहीमा परेको,

(घ) भ्रष्टाचार, जवरजस्ती करणी, मानव बेचविखन तथा ओसार पसार, लागूऔषध बिक्री वितरण वा ओसार पसार, सम्पत्ति शुद्धिकरण, राहदानी दुरूपयोग, अपहरण, लैङ्गिक हिंसा वा नैतिक पतन देखिने अन्य फौजदारी कसूरमा अदालतबाट सजाय पाएको,

(ङ) शारीरिक तथा मानसिक अवस्थाका कारण कामकारबाही गर्न नसक्ने भएको,

(च) प्रचलित कानून बमोजिम सार्वजनिक पदमा नियुक्तिको लागि अयोग्य भएको।

२६. **स्थानीय चलचित्र जाँच समितिको गठनः** (१) काठमाडौं उपत्यका बाहिर प्रत्येक जिल्लामा कुनै स्वदेशी चलचित्र जाँच गर्नको लागि देहाय बमोजिमको स्थानीय चलचित्र जाँच समिति रहनेछः-

(क) प्रमुख जिल्ला अधिकारी वा निजले तोकेको जिल्ला प्रशासन कार्यालयको अधिकृत -अध्यक्ष

(ख) प्रतिनिधि, जिल्ला हुलाक कार्यालय -सदस्य

(ग) चलचित्र वा कला, सँस्कृति, साहित्य सम्बन्धी विषयमा विशेष ज्ञान भएका व्यक्तिहरू मध्येबाट समावेशी प्रतिनिधित्व हुनेगरी प्रमुख जिल्ला अधिकारीले तोकेको एकजना महिला सहित दुईजना -सदस्य

(घ) जिल्ला प्रशासन कार्यालयको कर्मचारी -सदस्य-सचिव

(२) उपदफा (१) बमोजिम गठित चलचित्र जाँच समितिको सचिवालय सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा रहनेछ।

(३) उपदफा (१) को खण्ड (ग) बमोजिम तोकिएका सदस्यको पदावधि एक वर्षको हुनेछ।

(४) नेपाल सरकार वा केन्द्रीय चलचित्र जाँच समितिले बेलाबेलामा आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सो समितिको कर्तव्य हुनेछ।

(५) चलचित्र जाँच समितिका अध्यक्ष, सदस्य तथा समितिमा आमन्त्रित सदस्यले चलचित्र जाँच गरे बापत तोकिए बमोजिमको सुविधा तथा भत्ता पाउनेछन्।

(६) उपदफा (१) बमोजिम गठित चलचित्र जाँच समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

(७) उपदफा (१) बमोजिम गठित चलचित्र जाँच समितिको काम, कर्तव्य र अधिकार दफा २५ बमोजिम हुनेछ।

२७. **चलचित्र जाँच समितिको काम, कर्तव्य र अधिकारः** (१) चलचित्र जाँच समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) समाजमा वर्गीय, क्षेत्रीय, जातीय, लैङ्गिक, उत्पिडन, भेद्भाव, हिंसा, अवहेलना, दुर्व्यवहार जनाउने दृश्य नभएको खण्डमा चलचित्रको कथा, संवाद र दृश्यका आधारमा चलचित्र काँटछाँट नगरी तोकिएको मापदण्ड अनुरूप कुनै शर्त नतोकी सो चलचित्र सार्वजनिक प्रदर्शन गर्न अनुमति दिने,

(ख) सो चलचित्रमा कुनै काँटछाँट वा हेरफेर गरी वा अन्य कुनै शर्त बन्देजको पालना गरी मात्र सार्वजनिक प्रदर्शन गर्न पाउने गरी अनुमति दिने,

(ग) सो चलचित्र १६ वर्ष उमेर पूरा भएका व्यक्तिलाई मात्र सार्वजनिक प्रदर्शन गर्न पाउने शर्त तोकी अनुमति दिने,

(घ) अभिभावकको साथमा रहने गरी १६ वर्षभन्दा कम उमेरका व्यक्तिका लागि सार्वजनिक प्रदर्शन गर्न पाउने शर्त तोकी अनुमति दिने,

(ङ) निश्चित पेशा वा वर्ग वा क्षेत्रका व्यक्तिका लागि सार्वजनिक प्रदर्शन गर्न पाउने शर्त तोकी अनुमति दिने,

(च) सो चलचित्र सार्वजनिक प्रदर्शन गर्न अनुमति नदिने।

(२) उपदफा (१) को खण्ड (ख), (ग), (घ), (ङ), वा (च) अन्तर्गत अनुमति दिने वा नदिने निर्णय गर्नु अगावै दरखास्तवालालाई आफ्नो सफाई पेश गर्ने मनासिब मौका दिनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम चलचित्र जाँच गरी चलचित्र प्रदर्शन गर्न अनुमति दिनुपर्ने देखिएमा अनुमतिको प्रमाणपत्र दिनु पर्नेछ।

(४) उपदफा (३) बमोजिमको प्रमाणपत्रको ढाँचा तथा प्रमाणपत्र दिँदा चलचित्र जाँच समितिले अपनाउनुपर्ने आधारहरू तोकिए बमोजिम हुनेछ।

(५) कुनै चलचित्र वा त्यसको कुनै भाग नेपालको शान्ति, सुरक्षा, सुव्यवस्था तथा मित्र राष्ट्रसँगको वा विभिन्न वर्ग वा जातिका बीचको सु-सम्बन्धमा खलल पर्ने वा सार्वजनिक हित, सदाचार वा नैतिकताको प्रतिकूल असर पर्ने वा कुनै व्यक्ति विशेषको मानहानी वा अदालतको अवहेलना हुने वा लैङ्गिक हिंसालाई बढावा दिने वा कुनै अपराध गर्न दुरुत्साहन दिने किसिमको देखिएमा त्यस्तो चलचित्रलाई प्रदर्शन गर्न अनुमति दिइने छैन।

तर चलचित्रको कुनै भागको काँटछाँट वा हेरफेर गरेर प्रदर्शन गराउँदा यस उपदफाको प्रतिकूल नहुने देखिएमा चलचित्र जाँच समितिले आवश्यकतानुसार काँटछाँट वा हेरफेर गरी प्रदर्शन गर्न अनुमति दिन सक्नेछ।

(६) चलचित्र जाँच समितिबाट सार्वजनिक प्रदर्शनको लागि अनुमति दिइसकेको भएतापनि उपदफा

(७) बमोजिमको अप्रतिकूल असर पर्नसक्ने देखिएमा जुनसुकै बखत त्यस्तो चलचित्र प्रदर्शनलाई रोक्न वा आवश्यकतानुसार काँटछाट गरेर मात्र प्रदर्शन गर्न अनुमति दिन सक्नेछ।

(८) चलचित्र जाँच समितिबाट चलचित्र जाँच गरी प्रदर्शनको अनुमति दिँदा तोकिएका शर्तहरूको पालना गरे, नगरेको सम्बन्धमा चलचित्र जाँच समिति वा बोर्डले अनुगमन गर्न सक्नेछ।

(९) उपदफा (८) बमोजिम अनुगमन गर्दा तोकिएका शर्तहरू पालना नगरेको पाइएमा सोको जानकारी यथाशीघ्र चलचित्र जाँच समितिलाई गराउनु पर्नेछ र सो समितिले तत्काल आवश्यक कारबाहीका लागि सम्बन्धित निकायमा सिफारिस गरी पठाउनु पर्नेछ।

(१०) यस दफा बमोजिम जाँच समितिले गरेको निर्णयबाट मर्का पर्ने व्यक्तिले स्पष्टिकरण सहित निर्णय पुनरावलोकनका लागि सो निर्णय भएको मितिले पैंतीस दिनभित्र नेपाल सरकार समक्ष पुनरावेदन दिन सक्नेछ।

(११) चलचित्र जाँच समितिको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

२८. **<u>पुनः चलचित्र जाँच गराउन नपर्ने</u>:** केन्द्रीय चलचित्र जाँच समितिबाट जाँच भइसकेका चलचित्र काठमाडौ उपत्यका बाहिर प्रदर्शन गर्नका लागि पुनः जाँच गराउनु पर्नेछैन।

तर स्थानीय चलचित्र जाँच समितिबाट जाँच भएका चलचित्र अर्को जिल्लामा प्रदर्शन गर्नका लागि पुनः जाँच गराउनु पर्नेछ।

## परिच्छेद-६

## चलचित्र प्रदर्शन सम्बन्धी व्यवस्था

२९. **चलचित्रघर निर्माण गर्न इजाजतपत्र लिनुपर्नेः** (१) सम्बन्धित स्थानीय तहबाट ईजाजत नलिई कसैले पनि चलचित्रघर निर्माण गर्नु हुँदैन।

(२) उपदफा (१) बमोजिमको चलचित्रघर निर्माण इजाजतपत्र लिन चाहने व्यक्ति वा संस्थाले तोकिए बमोजिमको ढाँचामा स्थानीय तह समक्ष निवेदन दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको दरखास्त परेपछि दफा ३० बमोजिमको अधीनमा रही स्थानीय तहले देहायका कुराहरुलाई समेत विचार गरी इजाजतपत्र दिन सक्नेछः-

(क) दरखास्त बमोजिम चलचित्रघर निर्माण गर्न दिंदा कुनै शिक्षालय, छात्रबास, अस्पताल, सार्वजनिक महत्वको स्थान, संस्था वा सरकारी कार्यालयलाई पर्नसक्ने बाधा वा असुविधा, जनसङ्ख्याको आधारमा त्यस्तो चलचित्रघरको आवश्यकता,

(ख) दर्शक वर्गहरुको सुरक्षा, स्वास्थ्य र सुविधाको निमित्त तोकिए बमोजिम पर्याप्त व्यवस्था भएको चलचित्रघरको नक्सा पेश गरेको,

(ग) अन्य नेपाल कानून बमोजिम त्यस्तो इजाजतपत्र दिन मिल्ने वा नमिल्ने।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भएतापनि चलचित्र प्रदर्शन गर्ने मूलघर बाहेक चलचित्र सार्वजनिक प्रदर्शनका लागि अन्य स्थानमा निर्माण हुने प्रदर्शनस्थलमा एउटै मल वा भवनभित्र छात्रबास, अस्पताल, शिक्षण संस्था भएको वा रहने गरी चलचित्रघर निर्माण गर्न इजाजत दिइने छैन।

(५) उपदफा (१) बमोजिम इजाजतपत्र लिएपछि चलचित्रघर निर्माण गर्दा सम्बन्धित स्थानीय तहबाट नक्सा स्वीकृति लिनु पर्नेछ।

(६) उपदफा (१) बमोजिम चलचित्रघर निर्माण गर्नको निमित्त इजाजतपत्र प्राप्त गर्नको लागि दिनु पर्ने दरखास्तको ढाँचा, इजाजतपत्रको ढाँचा र इजाजतपत्र प्राप्त व्यक्तिले पालन गर्नुपर्ने शर्त र तिर्नुपर्ने दस्तुर तोकिए बमोजिम हुनेछ।

३०. **चलचित्रघरमा हुनुपर्ने सेवा सुविधा, मापदण्ड र न्यूनतम व्यवस्थाः** चलचित्रघरमा हुनुपर्ने सेवा सुविधा, मापदण्ड र न्यूनतम व्यवस्था तोकिए बमोजिम हुनेछ।

३१. **चलचित्रघर जाँच समितिः** (१) चलचित्रघर जाँच गर्नको लागि प्रत्येक जिल्लामा देहाय बमोजिमको चलचित्रघर जाँच समिति रहनेछ।

(क) प्रमुख जिल्ला अधिकारी वा निजले तोकेको जिल्ला प्रशासन कार्यालयको अधिकृत कर्मचारी

- अध्यक्ष

(ख) प्रतिनिधि, चलचित्र विकास बोर्ड - सदस्य

(ग) प्रतिनिधि, सम्बन्धित स्थानीय तहको प्राविधिक कर्मचारी - सदस्य

(घ) प्रतिनिधि, नेपाल चलचित्र संघ - सदस्य

(ङ) जिल्ला प्रशासन कार्यालयको कर्मचारी -सदस्य-सचिव

(२) उपदफा (१) बमोजिमको समितिले नयाँ निर्माण भएको तथा इजाजतपत्र खारेज भई पुनः इजाजतपत्र लिने चलचित्रघरको जाँच गर्नेछ।

(३) उपदफा (२) बमोजिम चलचित्रघर जाँच समितिले चलचित्रघर जाँच गर्दा दफा ३० बमोजिमको मापदण्ड पूरा भएको नदेखेमा नपुग पूर्वाधार एवं सेवा सुविधा पूरा गर्न निर्देशन दिन सक्नेछ । उक्त निर्देशन बमोजिमका पूर्वाधार पूरा गरी पुनः चलचित्रघर जाँच गराउनु पर्नेछ।चलचित्रघर जाँच समितिले चलचित्रघर जाँच गर्दा सो घरको पूर्वाधार एवं न्यूनतम व्यवस्था पूरा भएको दखेमा चलचित्र प्रदर्शन गर्न दिईने ईजाजतपत्रका लागि बोर्ड समक्ष सिफारिस गर्नु पर्नेछ।

(४) चलचित्रघर जाँच समितिका अध्यक्ष वा सदस्यले चलचित्रघर जाँच गरे बापत चलचित्रघर जाँच गराउने व्यक्तिबाट तोकिए बमोजिम भत्ता, यातायात खर्च र अन्य सुविधा पाउनेछन्।

३२. **<u>चलचित्रघर जँचाउनु पर्ने</u>**ः (१) चलचित्रघर निर्माण गर्ने व्यक्तिले चलचित्रघर निर्माण गरिसकेपछि चलचित्रघर जाँच समितिबाट जाँच गराउनु पर्नेछ। इजाजतपत्र खारेज भई पुनः इजाजतपत्र लिन चाहने चलचित्रघरले समेत समितिबाट जाँच गराउनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम चलचित्रघर जाँचका लागि बोर्ड समक्ष आवश्यक कागजात सहित निवेदन दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम दिएको निवेदन उपर कारबाही गरी बोर्डले चलचित्रघर जाँचका लागि चलचित्रघर जाँच समिति समक्ष लेखी पठाउनेछ।

३३. **<u>चलचित्रघर जाँच गर्नुपर्ने</u>**ः (१) कुनैपनि चलचित्रघरमा यस ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिमको सेवा सुविधा, मापदण्ड र न्यूनतम व्यवस्था भए, नभएको सम्बन्धमा बोर्डले आवश्यकतानुसार चलचित्रघरको जाँच गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम चलचित्रघर जाँच गर्दा यस ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम चलचित्रघरमा हुनुपर्ने न्यूनतम व्यवस्था पूरा गरेको नदेखेमा बोर्डले समय तोकी त्यसरी नपुग भएको व्यवस्था पूरा गर्नको लागि सम्बन्धित इजाजतपत्र प्राप्त व्यक्तिलाई आदेश दिनेछ।

(३) उपदफा (२) बमोजिम दिएको म्यादभित्र इजाजतपत्र प्राप्त व्यक्तिले चलचित्रघरमा सुधार नगरेमा बोर्डले त्यस्तो इजाजतपत्र प्राप्त व्यक्तिलाई आवश्यक कारबाहीका लागि सम्बन्धित निकायमा लेखी पठाउनेछ र सम्बन्धित निकायले पनि लेखी आए बमोजिम आवश्यक कारबाही गर्नु पर्नेछ।

३४. **<u>टिकट दर र श्रेणीः</u>** चलचित्रघरमा कायम गरिने विभिन्न श्रेणी र टिकट दर बोर्डको सिफारिसमा मन्त्रालयले समय-समयमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिए बमोजिम हुनेछ।

तर पूर्ण वातानुकूलित सुविधा सम्पन्न चलचित्रघरमा कायम हुने विभिन्न श्रेणीको टिकट दर मन्त्रालयबाट स्वीकृत परिधिभित्र रही प्रदर्शकले तोक्न सक्नेछ। प्रदर्शकले त्यसरी टिकट दर तोकेकोमा त्यसको जानकारी तुरुन्त मन्त्रालय, बोर्ड, स्थानीय जिल्ला प्रशासन कार्यालय र सम्बन्धित आन्तरिक राजश्व कार्यालयलाई समेत दिनु पर्नेछ।

**३५.** **<u>बक्स अफिस प्रणाली सम्बन्धी व्यवस्था:</u>** (१) चलचित्रघरले बक्स अफिस प्रणाली जडान नगरी चलचित्र प्रदर्शन गर्नु, गराउनु हुँदैन।

(२) उपदफा (१) बमोजिम चलचित्रघरहरुले बक्स अफिस प्रणाली जडान गर्दा बोर्डले रियल टाइममा अद्यावधिक डाटा प्राप्त गर्नसक्ने गरी निर्धारण गरेको मापदण्ड र पूर्व शर्तहरू समावेश भएका सफ्टवेयर र हार्डवेयर जडान गर्नु पर्नेछ।

(३) चलचित्रघरहरुले सम्बन्धित चलचित्रको लागि बोर्डबाट उपलब्ध गराइएको विशिष्टीकृत कोडको प्रयोग गरेर मात्र चलचित्र प्रदर्शनको लागि टिकट बुकिङ्ग वा बिक्री गर्नु, गराउनु पर्नेछ।

(४) यो ऐन प्रारम्भ भएको मितिले तीन महिनाभित्रमा नेपालभरका बक्स अफिस प्रणालीमा आवद्ध हुन बाँकी सबै चलचित्रघरहरू समेत सो प्रणालीमा आवद्ध भइसक्नु पर्नेछ।

(५) उपदफा (३) बमोजिमको कोड लिनका लागि चलचित्र जाँचपास भएको हुनु पर्नेछ।

**३६.** **<u>स्वदेशी/विदेशी चलचित्र प्रदर्शन सम्बन्धी विशेष व्यवस्था:</u>** (१) प्रत्येक चलचित्रघरले चलचित्र प्रदर्शन गर्दा स्वदेशी चलचित्र प्रदर्शनलाई पहिलो प्राथमिकता दिनु पर्नेछ।प्राथमिकताका आधारहरु तोकिए बमोजिम हुनेछन्।

(२) प्रत्येक चलचित्रघरले वर्षको कम्तीमा तोकिए बमोजिमको दिन बराबर स्वदेशी चलचित्र प्रदर्शन गर्नु पर्नेछ।

(३) स्वदेशी चलचित्र मात्र प्रदर्शन गर्ने इजाजतपत्र लिई नयाँ निर्माण हुने तथा सञ्चालनमा रहेका चलचित्रघरलाई बोर्डको सिफारिसमा नेपाल सरकार वा प्रदेश सरकारले विशेष सहुलियत दिन सक्नेछ।

(४) उपदफा (३) बमोजिम इजाजतपत्र प्राप्त चलचित्रघरहरूलाई बोर्डले प्रोत्साहन स्वरूप सहयोग गर्न सक्नेछ।

(५) विदेशी चलचित्र प्रदर्शन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

**३७.** **<u>घुम्ती तथा खुला चलचित्र प्रदर्शन सम्बन्धी व्यवस्था</u>**: (१) हरेक नेपाली नागरिकसम्म चलचित्रको पहुँच पुर्याउने उद्देश्य सहित चलचित्रघर नभएको क्षेत्रमा उक्त क्षेत्रमा बसोबास गर्ने समुदायसँग सम्बन्धित मातृभाषी चलचित्र तथा अन्य स्वदेशी चलचित्र प्रदर्शनको लागि बोर्डले घुम्ती तथा खुला चलचित्र प्रदर्शनको लागि आवश्यक व्यवस्था गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम घुम्ती तथा खुला चलचित्र प्रदर्शन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

३८. **श्रव्यदृश्य सामग्रीको निःशुल्क प्रदर्शन गर्नुपर्नेः** (१) चलचित्र प्रदर्शकहरूले कुनै चलचित्र प्रदर्शन शुरू गर्नु अगाडि वा मध्यान्तरमा सन्देशमूलक तथा शिक्षामूलक श्रव्यदृश्य सामग्री तथा बोर्डले निर्माण गरेको धुन निःशुल्क प्रदर्शन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको श्रव्यदृश्य सामग्री तथा धुन प्रदर्शन गर्नको लागि नेपाल सरकार वा प्रदेश सरकार वा बोर्डले आदेश दिनसक्नेछ र त्यस्तो आदेशको पालना गर्नु चलचित्र प्रदर्शकको कर्तव्य हुनेछ।

३९. **चलचित्र प्रदर्शनमा रोक लगाउन सक्नेः** (१) नेपालको सुरक्षा वा सार्वजनिक शान्ति वा व्यवस्थाको निमित्त आवश्यक देखेमा नेपाल सरकारले नेपालभर कुनै चलचित्र प्रदर्शनमा रोक लगाउन आदेश दिन सक्नेछ।

(२) प्रदेशको सुरक्षा वा सार्वजनिक शान्ति वा व्यवस्थाको निमित्त आवश्यक देखेमा प्रदेश सरकारले प्रदेशभर कुनै चलचित्र प्रदर्शनमा रोक लगाउन आदेश दिन सक्नेछ।

(३) उपदफा (१) बमोजिम नेपाल सरकारले आदेश जारी गरेकोमा प्रदेश सरकारले त्यस्तो आदेश जारी गर्नु पर्ने छैन र नेपाल सरकारले जारी गरेको आदेश प्रदेश सरकारले उपदफा (२) बमोजिम जारी गरेको आदेश सरह कार्यान्वयन गर्नु पर्नेछ।

## परिच्छेद-७

## कोष, लेखा तथा लेखापरीक्षण

४०. **बोर्डको कोष सम्बन्धी व्यवस्थाः** (१) बोर्डको आफ्नो एउटा छुट्टै कोष हुनेछ र सो कोषमा देहायका रकमहरू रहनेछनः-

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) चलचित्र विकास शुल्क बापत प्राप्त रकम,

(ग) सेवा शुल्क वा जरिवाना बापत प्राप्त रकम,

(घ) अर्थ मन्त्रालयको स्वीकृतिमा स्वदेशी वा विदेशी व्यक्ति वा कुनै संघ, संस्था, निकायबाट प्राप्त सहयोग रकम,

(ङ) अन्य कुनै स्रोतबाट प्राप्त रकम,

(२) बोर्डको कोषमा रहने रकम नेपाल राष्ट्र बैंकबाट इजाजतप्राप्त ‘क’ वर्गको कुनै वाणिज्य बैंकमा खाता खोली जम्मा गरिनेछ र त्यस्तो खाताको सञ्चालन बोर्डले तोके बमोजिम हुनेछ।

(३) बोर्डको कोषको सञ्चालन र कोषबाट हुने खर्च सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

४१. **बजेट र खर्चः** (१) बोर्डले यस ऐन बमोजिम कार्य सञ्चालन गर्न प्रत्येक आर्थिक वर्षको लागि आवश्यक पर्ने बजेट र कार्यक्रम तयार गरी मन्त्रालयमा स्वीकृतिका लागि पेश गर्नेछ।

(२) बोर्डका सबै खर्चहरू उपदफा (१) बमोजिम स्वीकृत बजेटको अधीनमा रही बोर्डको कोषबाट व्यहोरिनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि बोर्डका दीर्घकालीन योजना तथा कार्यक्रमका लागि नेपाल सरकारले अनुदान दिन सक्नेछ।

४२. **लेखा र लेखापरीक्षणः** (१) बोर्डको आयव्ययको लेखा नेपाल सरकारले अपनाएको लेखा प्रणाली बमोजिम राखुपर्नेछ।

(२) बोर्डको लेखाको लेखापरीक्षण महालेखा परीक्षकको कार्यालयबाट हुनेछ।

## परिच्छेद-८

## कसुर र सजाय सम्बन्धी व्यवस्था

४३. **कसूर गरेको मानिनेः** कसैले यस ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा आदेशको उल्लङ्घन गरेमा कसूर गरेको मानिनेछ।

४४. **सजायँ र पुनरावेदन** : (१) यो ऐन वा यस ऐन अन्तर्गतको नियम वा आदेशको उल्लङ्घन गर्ने व्यक्तिलाई बोर्डको सिफारिसमा प्रमुख जिल्ला अधिकारीले कसूरको मात्रा अनुसार एकलाख रूपैयाँ देखि दशलाख रूपैयाँसम्म जरिवाना गर्न सक्नेछ।

(२) कसैले यस ऐन बमोजिम इजाजतपत्र नलिई चलचित्र निर्माण, वितरण वा प्रदर्शन गरेमा प्रमुख जिल्ला अधिकारीले त्यस्तो व्यक्तिलाई उपदफा (१) मा लेखिए बमोजिम जरिवाना गरी त्यस्तो चलचित्र र चलचित्र निर्माण, वितरण वा प्रदर्शन गर्दा प्रयोग गरिएका उपकरणहरू समेत जफत गर्न सक्नेछ। यसरी जफत गरिएका सामग्रीहरू बोर्डमा दाखिला गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम चलचित्र प्रदर्शन गरेमा बोर्ड वा प्रमुख जिल्ला अधिकारीले त्यस्तो चलचित्रघरमा चलचित्र प्रदर्शनमा तत्काल रोक लगाई चलचित्रघर बन्द गर्न सक्नेछ।

(४) उपदफा (१) वा (२) वा (३) बमोजिम प्रमुख जिल्ला अधिकारीले दिएको आदेश उपर जिल्ला अदालतमा पुनरावेदन लाग्नेछ।

(५) उपदफा (१), (२) र (३) बमोजिम सजाय गर्नुपूर्व सम्बन्धित पक्षलाई सुनुवाईको मौका दिनु पर्नेछ।

४५. **इजाजतपत्र खारेज गर्न सकिने**: (१) देहायको अवस्थामा बोर्डले इजाजतपत्र खारेज गर्न सक्नेछः

(क) इजाजतपत्र प्राप्त व्यक्ति प्रचलित कानून बमोजिम दामासाहीमा परेमा वा विघटन भएमा,

(ख) दफा ४३ बमोजिमको कसूर पटक-पटक गरेमा।

(ग) इजाजतपत्र प्राप्त व्यक्तिले खारेज गर्नुपर्नाको उचित कारण सहित निवेदन दिएमा।

(२) इजाजतपत्र प्राप्त व्यक्तिले यस ऐन वा यस ऐन अन्तर्गत बनेको नियम र इजाजतपत्रमा उल्लिखित शर्त विपरीत कुनै काम गरेमा वा बोर्डले समय-समयमा दिएको आदेश वा निर्देशनको पालना नगरेमा बोर्डले निश्चित अवधि समेत तोकी सम्बन्धित इजाजतपत्र प्राप्त व्यक्तिलाई उपयुक्त आदेश दिन सक्नेछ।

(३) उपदफा (२) बमोजिम तोकिएको अवधिभित्र इजाजतपत्र प्राप्त व्यक्तिले सो आदेश बमोजिमको काम नगरेमा बोर्डले त्यस्तो व्यक्तिले पाएको इजाजतपत्र खारेज गर्न सक्नेछ।

(४) उपदफा (१) वा (३) मा जुनसुकै कुरा लेखिएको भएतापनि इजाजतपत्र खारेज गर्नुअघि सम्बन्धित इजाजतपत्र प्राप्त व्यक्तिलाई आफ्नो सफाई पेश गर्ने मनासिब माफिकको मौका दिइनेछ।

(५) उपदफा (३) बमोजिम बोर्डले इजाजतपत्र खारेज गरेकोमा चित्त नबुझ्ने व्यक्तिले जानकारी पाएको मितिले पैंतीस दिनभित्र सम्बन्धित उच्च अदालत समक्ष पुनरावेदन दिन सक्नेछ।

४६. **<u>सङ्क्रमणकालीन व्यवस्था:</u>** चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) ऐन, २०२६ बमोजिम गठन भएको चलचित्र विकास बोर्डलाई देहाय बमोजिम रूपान्तरण गरिनेछः-

(क) यो ऐन प्रारम्भ हुँदाका बखत स्वीकृत रहेका दरबन्दीहरुलाई संस्थाको आवश्यकता र औचित्यका आधारमा पुनरावलोकन गरी दरबन्दी पुर्नसंरचना गरिनेछ।

(ख) यो ऐन प्रारम्भ हुँदाको बखत कायम रहेको बोर्डको चल, अचल सम्पति र दायित्व यो ऐन प्रारम्भ भएपछि चलचित्र विकास बोर्डको नाउँमा सर्नेछ।

(ग) यो ऐन प्रारम्भ हुँदाको बखत तत्काल कायम रहेको बोर्डको सञ्चालक समितिले यथावतरूपमा कार्य गर्नेछन्।

(घ) यो ऐन प्रारम्भ हुँदाको बखत तत्काल कायम रहेको बोर्डका अध्यक्ष तथा सदस्यहरूको पदावधि यसै ऐन बमोजिम कायम गर्न सकिनेछ।

(ङ) यो ऐन प्रारम्भ हुँदाको बखत तत्काल कार्यरत कर्मचारीहरूले यथावतरूपमा कार्य गर्नेछन्।

(च) चलचित्र विकास बोर्डको मौजुदा सम्पति, दायित्व र व्यवस्थापन नेपाल सरकारले तोके बमोजिम हुनेछ।

## परिच्छेद-९

## <u>अध्ययन, अनुसन्धान, विद्वत्वृत्ति तथा प्रोत्साहन सम्बन्धी व्यवस्था</u>

४७. **<u>चलचित्र संग्रहालय एवं पुस्तकालय सम्बन्धी व्यवस्था:</u>** (१) बोर्डले ऐतिहासिक, मौलिक, कलात्मक र विशेष चलचित्र लगायतका अन्य स्वदेशी चलचित्र, वृत्तचित्रहरू तथा चलचित्र सम्बन्धी उपकरणहरुको संरक्षण गरी व्यवस्थित गर्नका लागि राष्ट्रिय चलचित्र संग्रहालय तथा पुस्तकालयको स्थापना गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको संग्रहालय तथा पुस्तकालय सञ्चालन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

४८. **चलचित्र अध्ययन, अनुसन्धान तथा प्रशिक्षण केन्द्र र विद्वत्वृत्तिमा प्रोत्साहन सम्बन्धी व्यवस्थाः** (१) बोर्डले चलचित्र सम्बन्धी विषयको अध्ययन एवं अनुसन्धानका लागि चलचित्र अध्ययन, अनुसन्धान तथा प्रशिक्षण केन्द्र स्थापना गर्न सक्नेछ।

(२) बोर्डले विद्यालय तथा विश्वविद्यालयहरूमा चलचित्र सम्बन्धी विषय अध्ययन, अध्यापन तथा पाठ्यक्रम निर्माण कार्यमा आवश्यक समन्वय गर्न सक्नेछ।

(३) बोर्डले चलचित्र सम्बन्धी विषय अध्ययनका लागि छात्रवृत्ति प्रदान गर्नेछ।

(४) उपदफा (१) बमोजिम स्थापना भएको केन्द्रको सञ्चालन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

४९. **चलचित्र लगानी कोषको स्थापनाः** (१) चलचित्र निर्माण तथा प्रदर्शनमा प्रोत्साहन एवं सहयोगका लागि चलचित्र लगानी कोषको स्थापना र सञ्चालन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको कोषको सञ्चालन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद–१०

## विविध

५०. **चलचित्रकर्मी कल्याण तथा वृत्ति कोषको स्थापनाः** (१) बोर्डले स्वदेशी चलचित्र क्षेत्रसँग सम्बन्धित चलचित्रकर्मीहरूको हित र कल्याण सम्बन्धी कार्य सञ्चालन गर्न चलचित्रकर्मी कल्याण तथा वृत्ति कोषको स्थापना गर्नेछ।

(२) उपदफा (१) बमोजिमको कोषको सञ्चालन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

५१. **विपद् व्यवस्थापन कोषको स्थापनाः** (१) बोर्डले दैवीप्रकोप, प्राकृतिक विपत्तिका कारण प्रभावित भएको अवस्थामा चलचित्रकर्मीको आफ्नो पेशा वा व्यवसाय सञ्चालन गर्न प्रोत्साहन स्वरूप सहयोग गर्न विपद् व्यवस्थापन कोषको स्थापना गर्नेछ।

(२) उपदफा (१) बमोजिमको कोषको सञ्चालन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

५२. **चलचित्र अवैतनिक प्रतिनिधि नियुक्ति गर्नसक्नेः** (१) नेपाली चलचित्रको अन्तर्राष्ट्रियस्तरमा विकास, विस्तार, प्रवर्द्धन र सहजीकरण गर्न चलचित्र क्षेत्रमा ख्यातिप्राप्त व्यक्तिलाई मन्त्रालयको सहमतिमा बोर्डले चलचित्र अवैतनिक दूतको रूपमा प्रतिनिधि नियुक्ति गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम नियुक्त अवैतनिक प्रतिनिधिको काम, कर्तव्य, अधिकार तोके बमोजिम हुनेछ।

५३. **चलचित्रको पुनः प्रयोग सम्बन्धी व्यवस्थाः** बोर्डको स्वामित्वमा रहेका वा निजी लगानीमा निर्माण भएका चलचित्र तथा वृत्तचित्रका पूराना रिलहरूलाई बोर्डले तोकिए बमोजिम आधुनिकीकरण गरी पुनः प्रयोग वा सार्वजनिक प्रदर्शनीको व्यवस्था गर्न सक्नेछ।

५४. **अधिकार प्रत्यायोजनः** (१) मन्त्रालयले यो ऐन वा यस ऐन अन्तर्गतको निमय बमोजिम आफूलाई प्राप्त अधिकार बोर्डलाई प्रत्यायोजन गर्न सक्नेछ।

(२) बोर्डले आफूलाई प्राप्त अधिकारहरूमध्ये कुनै अधिकार आवश्यकता अनुसार बोर्डको अध्यक्ष वा सदस्य वा समिति वा बोर्डको अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम बोर्डका अध्यक्षले आफूलाई प्राप्त अधिकारमध्ये कुनै अधिकार बोर्डको कुनै सदस्य वा बोर्डको अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

५५. **वार्षिक प्रतिवेदनः** (१) बोर्डले प्रत्येक वर्ष आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र आफ्नो आय-व्ययको विवरण सहित सो वर्षभरिमा आफूले गरेको काम कारबाहीको वार्षिक प्रतिवेदन मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम पेश गरेको वार्षिक प्रतिवेदन बोर्डले सर्वसाधारणको जानकारीको लागि सार्वजनिक गर्नु पर्नेछ।

५६. **नेपाल सरकारसँगको सम्पर्कः** बोर्डले नेपाल सरकारसँग सम्पर्क राख्दा मन्त्रालय मार्फत् सम्पर्क राख्नु पर्नेछ।

५७. **प्रचलित कानून बमोजिम हुनेः** यो ऐनमा लेखिए जति कुरामा यसै बमोजिम र अन्यमा प्रचलित कानून बमोजिम हुनेछ।

५८. **बाधा अड्काउ फुकाउने अधिकारः** (१) यो ऐन कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा नेपाल सरकारले सो बाधा अड्काउ फुकाउनको लागि नेपाल राजपत्रमा सूचना प्रकाशन गरी यस ऐनको व्यवस्थासँग नबाझिने गरी आवश्यक आदेश जारी गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम जारी गरिएको प्रत्येक आदेश संघीय संसदमा पेश गर्नु पर्नेछ।

५९. **नियम बनाउने अधिकारः** (१) यो ऐनको कार्यान्वयनको लागि नेपाल सरकारले आवश्यक नियमहरु बनाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम बनाएको नियममा नेपाल सरकारलाई आर्थिक भार वा दायित्व पर्ने विषय समावेश भएमा अर्थ मन्त्रालयको सहमति लिनु पर्नेछ।

६०. **विनियम बनाउने अधिकारः** बोर्डले यो ऐन र यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही आवश्यक विनियम बनाउन सक्नेछ।

६१. **निर्देशिका, कार्यविधि वा मापदण्ड बनाई लागू गर्नेः** बोर्डबाट सम्पादन हुने काम सुचारु रूपले सञ्चालन गर्न वा गराउनको लागि बोर्डले यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही आवश्यक निर्देशिका वा कार्यविधि बनाई लागू गर्न सक्नेछ। यस्ता निर्देशिका, कार्यविधि वा मापदण्डमा थप आर्थिक दायित्व सिर्जना हुने विषय भए अर्थ मन्त्रालयको सहमति लिनुपर्नेछ।

६२. **खारेजी र बचाउः** (१) चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) ऐन, २०२६ खारेज गरिएको छ।

(२) चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) ऐन, २०२६ बमोजिम भए गरेका काम कारबाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ।